लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**बर्दिया अस्पताल**
**गुलरिया**

☎ 084 -420309 बिल काउन्टर दर्ता
☎ 084- 421177 प्रशासन
☎ 084 -420086 सामाजिक सेवा ईकाइ
☎ 084- 4200006 ओ.सि.एम.सी.
☎ 084 -420188 प्रसुतीवार्ड
☎ 084 420264 डायलाईसीस

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय स्वास्थ्य निर्देशनालय बर्दिया अस्पताल गुलरिया

## कर्मचारी आवश्यकता सम्बन्धी सुचना

सूचना नं. ०१।०८१/०८२

प्रकाशित मिति :- २०८१।०८।२८ गते

बर्दिया अस्पताल गुलरियाको लागि तपसिल अनुसारका पदहरुमा कामकाज गर्ने गरी करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले इच्छुक योग्यता पुगेका व्यक्तीहरुलाई सूचना प्रकाशित भएको मितिले दश (१०) दिनभित्र यस अस्पतालको प्रशासन शाखामा आफुले प्राप्त गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिगत विवरण (CV) संलग्न राखी कार्यालय समयभित्र निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएको वा रित नपुगेको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

क) स्थायी दरबन्दी करार सेवा :

| विज्ञापन नं. | पद | तह/श्रेणी | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| ०१।०८१/०८२ | कन्सल्टेन्ट सर्जन | नवौ | १ | जनरल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त। | दरबन्दी करार |
| ०२।०८१/०८२ | कन्सल्टेन्ट पिडियटिसियन | नवौ | १ | पेडियाट्रिक्समा स्नातकोत्तर उपाधि प्राप्त। | दरबन्दी करार |
| ०३।०८१/०८२ | कन्सल्टेन्ट रेडियोलोजिष्ट | नवौ | १ | रेडियोलोजिमा स्नातकोत्तर उपाधि प्राप्त। | दरबन्दी करार |
| ०४।०८१/०८२ | कन्सल्टेन्ट अब्सट्रेटिक्स एण्ड गाईनेकोलोजिष्ट | नवौ | १ | अब्टेट्रिक्स तथा गाइनोकोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त। | दरबन्दी करार |
| ०५।०८१/०८२ | कन्सल्टेन्ट जनरल फिजिसियन | नवौ | १ | जनरल वा इन्टरनल मेडिसिन स्नातकोत्तर उपाधि प्राप्त | दरबन्दी करार |
| ०६।०८१/०८२ | कन्सल्टेन्ट साईक्याट्रिक्स | नवौ | १ | साईक्याट्रिमा स्नातकोत्तर उपाधि प्राप्त। | दरबन्दी करार |
| ०७।०८१/०८२ | कन्सल्टेन्ट ऐनेस्थिसयोलोजीष्ट | नवौ | १ | एनेस्थेसियोलोजिमा स्नातकोत्तर उपाधि प्राप्त। | दरबन्दी करार |
| ०८।०८१/०८२ | मेडिकल अधिकृत | आठौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस.वा सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | दरबन्दी करार |
| ०९।०८१/०८२ | हेल्थ असिस्टेन्ट | पाँचौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टिन्ट विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता/नविकरण भएको । | दरबन्दी करार |
| १०।०८१/०८२ | बायोमेडिकल टेक्निसियन | पाँचौ | १ | सम्बन्धित विषयमा BMET/DBEE गरि प्रमाणपत्र उत्तीर्ण गरेको । | दरबन्दी करार |
| ११।०८१/०८२ | फार्मेसी सहायक | पाँचौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट Pharmacy विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता/ नविकरण भएको । | दरबन्दी करार |

ख) प्रादेशिक अस्पताल सुदृढीकरण कार्यक्रम करार सेवा :

| विज्ञापन नं. | पद | तह/श्रेणी | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १२।०८१/०८२ | मेडिकल अधिकृत | आठौं | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस.वा सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | कार्यक्रम करार |
| १३।०८१/०८२ | स्टाफ नर्स | पाँचौं | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता/ नविकरण भएको । | कार्यक्रम करार |

**दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः**

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

ख) C.V., शैक्षिक योग्यता, तालिम सम्बन्धित प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

ग) स्वास्थ्य प्राविधिक पदको लागि काउन्सिल दर्ताको नविकरण भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

घ) अनुभवको प्रमाण पत्र सँगै ***नियुक्ती पत्र करार सम्झौता, कामको कार्यविवरण र अवकाश पत्र/करार अन्त्य/राजिनामा पत्र तथा आवश्यकता अनुसार No Objection Letter पत्र अनिवार्य*** रुपमा "करार कर्मचारी व्यवस्थापन (संशोधन सहित) कार्यविधि-२०८०" अनुसार पेश गर्नु पर्नेछ ।

ङ) दरखास्त दिने उम्मेदवार नियमित अध्ययन/अध्यापन/अन्य संघ संस्थामा आवद्ध/कार्यरत नरहेको हुनुपर्ने ।

**दरखास्त दाखिला गर्नु पर्ने स्थानः-** बर्दिया अस्पताल, गुलरिया, (अस्पताल प्रशासन शाखा)

**दरखास्त दाखिला गनु पर्ने अन्तिम मितिः-** २०८१।०९।०७ गते कार्यालय समय सम्म । (सार्वजनिक विदा परेमा सो को भोलि पल्ट)

**दरखास्त दस्तुरः-** नवौ तहको लागि रु. १२००/-, आठौं तहको लागि रु. १०००/-, पाँचौं तहको लागि रु. ५००/- लाग्ने छ ।

**दरखास्त दस्तुर बुझाउने स्थानः-** राष्ट्रिय वाणिज्य बैंक मा बर्दिया अस्पतालको कार्यालय कोड (३७००१५८०२५) र परीक्षा शुल्क शिर्षक (१४२२४) मा जम्मा गरी सक्कल भौचर दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

**छनौट मिति र स्थानः-** अर्को सूचना मार्फत जानकारी गराईनेछ ।

**परीक्षा छनौट किसिमः-** लुम्बिनी प्रदेश सरकारको "करार कर्मचारी व्यवस्थापन (संशोधन सहित) कार्यविधि-२०८०" अनुसार संक्षिप्त सुची प्रकाशन पश्चात सबै पदहरुको अन्तर्वार्ता हुनेछ ।

**तलब/भत्ताः-** दरबन्दी करारको हकमा नेपाल सरकारको प्रचलित नियमानुसार र कार्यकम करारको हकमा कार्यक्रम निर्देशिका/सम्बन्धीत तहको व्यवस्था अनुसार हुनेछ । अन्य सेवा सुविधा करारनामा मा उल्लेख भए बमोजिम हुनेछ । साथै समायोजन/पदस्थापन वा अन्य प्रकृयाबाट स्थायी पदपूर्ति भै आएमा पदपूर्ती भई आएको हाजिर मिति देखि दरबन्दी करारको निरन्तरता हुनेछैन ।

**उम्मेदवारको उमेर हदः-** १८ बर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**अन्यः-** सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ । पदपूर्ति सम्बन्धि सम्पूर्ण तथा अन्तिम अधिकार पदपूर्ति समितिमा रहनेछ ।

**द्रष्टव्यः-**

- कार्यालयद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।
- फाराम बुझाउने समयमा सम्पूर्ण शैक्षिक योग्यता, अनुभवको प्रमाण पत्र र सम्बन्धित परिषदमा दर्ता प्रमाणपत्रको सक्कल ल्याई रुजु गराई प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
- दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्दछ ।
- यस सूचनामा उल्लेख भएका बाहेक यससँग सम्बन्धित अन्य विषयका हकमा प्रचलित कानुन बमोजिम हुनेछ । थप जानकारीको लागि बर्दिया अस्पताल गुलरिया फोन नं.:-०८४-४२११७७, ९८५८०३८१४२, Website: www.bardiyahospital.gov.np, Email. bardiyahospital@lumbini.gov.np मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय स्वास्थ्य निर्देशनालय बर्दिया अस्पताल गुलरिया

अस्पताल प्रशासन